# लागु औषध नियन्त्रण कार्ययोजना, २०७७

## पृष्ठभूमि:

विश्वव्यापी साझा समस्याको रुपमा रही आएको लागु औषधको प्रयोग नेपालमा पनि समस्याको रुपमा देखा परेको छ । नेपालमा मदिरा, सुर्तिजन्य पदार्थ एवं गाँजा चरेसको प्रयोग पनि दिनानुदिन बढ्दै गएको छ । हेरोइन तथा अफिम जस्ता लागुपदार्थको प्रयोगले यो समस्यालाई अझ बढाएको छ । हालका दिनहरुमा सुईको माध्यमबाट लागुपदार्थको प्रयोग क्रम पनि बढ्दै गएको छ । यसमा लागु औषधयुक्त सुई औषधी (Injecting Drugs) तथा सिन्थेसाइज्ड केमिकलहरु (Synthesized Chemicals) समेत लागु औषधको रूपमा प्रयोग हुनुले समस्या अझै बढ्ने क्रम जारी छ ।

जुम्ला जिल्लाका विभिन्न स्थानमा लागु औषध प्रयोगकर्ताको संख्या क्रमश बढ्दै गएको पाईएको छ । लागु औषध प्रयोगले धन जनको क्षति, समयको बर्वाद, झै झगडा, हिंसा समेत हुने समस्या बढ्दै गईरहेको देखिन्छ । लागु औषध प्रयोग विरुद्ध जुम्लामा रहेका सम्पूर्ण सरोकारवाला निकायहरु लागिपरिरहेका छन् । तथापी जिल्लालाई लागु औषधमुक्त बनाउन सकिएको छैन । जुम्लामा लागु औषध प्रयोगकर्ताहरु देखासिकी गरेर, रमाइलोमा फसेर, साथीभाईको लह लईमा लागेर, बानीनै परेर बढ्दै गएको पाईन्छ, विशेष गरी किशोर किशोरीहरु लागु औषधको लतमा फसेको पाईन्छ ।

लागु पदार्थको अवैध ओसार-पसार, कारोवार एवं आपूर्तिमा कडाईका साथ नियन्त्रण (Supply Control) गरी यससँग सम्बन्धित अपराधमा कमी ल्याउन विभिन्न नियन्त्रणमुखी कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक भैसकेको छ । यसैगरी लागुपदार्थको अवैध खेती एवं ओसार पसारलाई निरुत्साहित गर्न विभिन्न दवावमूलक कार्यक्रमका साथै सो सँग सम्बन्धित सचेतनामूलक कार्यक्रमलाई प्रभावकारी तुल्याउनु आवश्यक देखिन्छ । खासगरी लागु औषधको प्रयोग, रोकथाम तथा नियन्त्रण (Prevention & Control) को विषय सर्व सम्बन्धित (Cross Cutting) विषय हो । राज्यको एक्लो प्रयासबाट मात्रै यसको उचित व्यवस्थापन गर्न कठीन हुन्छ । यसका लागि सरकारी तथा गैरसरकारी पक्ष, नागरिक समाज, नीजि क्षेत्र, विज्ञ एवं प्रयोगकर्ता तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरुको संयुक्त सहकार्यको पनि त्यत्तिकै खाँचोपर्छ ।

आर्थिक वर्ष ०७६/७७ मा जुम्ला जिल्लामा लागु औषधको नियन्त्रण र रोकथाम उल्लेख्य कामहरु भएको पाईन्छ, जसलाई तपसीलको आँकडामा देखाउन सकिन्छ :

| सि.नं. | आ.व. | मुद्दा शिर्षक | वारदात मिति | वारदात स्थान | परिणाम | पक्राउ प्रतिवादी | कारागर चलान | धरौटी | साधारण तारेख | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ०७६/०७७ | ला.औ. ब्राउन सुगर | २०७६।०४।२३ | जि.जुम्ला च.ना.न.पा. १ | अघिल्लो आ.व.मा प्रतिवादी एकजनाको बरामद भएको भएको मोबाईलको अडियो रेकर्डबाट खुलेको | पक्राउ २ फरार १ | | २ | | अनुसन्धानको सिलसिलामा फरार रही जुम्ला जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भएपछी हाजिर भएको संख्या ९ पुर्पक्ष २ जना ७ जना धरौटीमा छुटेको |
| २ | ०७६/०७७ | ला.औ. ब्राउन सुगर | २०७६।०८।१८ | जि.जुम्ला तिला गा.पा.३ | १ ग्राम | पक्राउ ४ ,फरार १४ | २ पुर्पक्ष | २ | | |
| ३ | ०७६/०७७ | ला.औ. ब्राउन सुगर | २०७६।०९।०२ | जि.जुम्ला च.ना.न.पा. १ | ६ ग्राम | पक्राउ ३ फरार ४ | २ पुर्पक्ष | १ | | |
| ४ | ०७६/०७७ | ला.औ. ब्राउन सुगर | २०७६।०९।०७ | जि.जुम्ला च.ना.न.पा. १ | ९ ग्राम | पक्राउ १ फरार २ | १ पुर्पक्ष | | | |
| ५ | ०७६/०७७ | ला.औ. ब्राउन सुगर | २०७६।०९।२७ | जि.जुम्ला च.ना.न.पा. १ | १ ग्राम | पक्राउ ३ फरार ७ | | २ | १ | |
| ६ | ०७६/०७७ | ला.औ.चरेश | २०७७।०१।२१ | जि.जुम्ला च.ना.न.पा. १ | १०९ ग्राम | पक्राउ १ | | १ | | |

जम्मा पक्राउ १४

फरार २८

श्रोत: जिल्ला प्रहरी कार्यालय, जुम्ला

**विद्यमान समस्याहरु:**

१. लागु औषधको कारोवार तथा प्रयोग बढीरहेको ।

२. लागु औषध प्रयोगका कारण जनधनको क्षति, चोरी, झै झगडा र हिंसाजन्य घटना घट्ने गरेको ।

३. घरेलु हिंसा र महिला माथिको हिंसालाई बढावा दिएको ।

४. वर्तमान युवा पिढी लागु औषधको दलदलमा फसिरहेको ।

**उदेश्यः**

१ लागु औषधको अवैध खेती, उत्पादन, ओसार-पसार र बेचविखनमा नियन्त्रण गरी यससँग सम्वन्धित अपराधमा कमी ल्याउने ।

२ जोखिम समूहमा लागु औषधको प्रयोग (Incidence of Drug Abuse) लाई न्यूनीकरण गर्ने ।

३. लागु औषध प्रयोगकर्ता, निजको परिवार र समुदायमा एच.आइ.भी., हेपाटाइटिस, बी/सी, तथा यौनजन्य रोग जस्ता संक्रमणको जोखिम न्यूनीकरण गर्ने ।

४. लागु औषधको प्रयोगमा रोकथाम तथा नियन्त्रणसँग प्रत्यक्ष एवं परोक्ष रुपमा सरोकार राख्ने विभिन्न निकायहरु वीच सहकार्य र साझेदारी प्रवर्द्धन गर्ने ।

५. लागु औषध प्रयोगकर्ताको संख्या, स्वरुप तथा असर वारे आवधिक तथा आधारभूत सर्भेक्षण गर्ने ।

६. गुणस्तरीय, भरपर्दो एवं विश्वसनीय उपचार तथा पुनःस्थापन सेवामा लागु औषध प्रयोगकर्ताहरुको सहज तथा सरल पहुँच बढाउने ।

**विद्यमान कानुनी व्यवस्थाः**

१. लागु औषध नियन्त्रण ऐन, २०३३

२. लागु औषध नियन्त्रण राष्ट्रिय नीति, २०६३

३. लागु औषध नियन्त्रण राष्ट्रिय रणनीति, २०६६

लागु औषध कार्ययोजना, २०७७

| सि. न. | मूख्य मूख्य क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | उपलब्धी सूचक | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | **सचेतना कार्यक्रम सञ्चालन:**<br>१. विद्यार्थीहरु बीच लागु औषध दुर्व्यसन विरुद्ध परामर्श कक्षाहरु सञ्चालन गर्ने ।<br>२. अभिभावक सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।<br>३. जोखिममा रहेका बालबालिका तथा महिलामुखी चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।<br>४. समुदायस्तरमा र्‍याली, प्लेकार्ड, माईकिंग, सडक नाटक, साँस्कृतिक कार्यक्रम मार्फत सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने । | जिल्ला प्रहरी कार्यालय | स्थानीय तह, विद्यालयहरु तथा नागरिक समाज | निरन्तर | लागु औषध नियन्त्रणमा समुदायस्तरको सचेतना वृद्दि भएको हुने । | |
| २. | **अर्न्तक्रिया कार्यक्रम सञ्चालन:**<br>१. जिल्लास्तरीय अर्न्तक्रिया कार्यक्रम सञ्चालन गर्ने ।<br>२. स्थानीय तहस्तरीय अर्न्तक्रिया कार्यक्रम सञ्चालन गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, गैर सरकारी संस्था तथा नागरिक समाज | निरन्तर | जिल्ला तथा स्थानीय तहस्तरीय अर्न्तक्रिया कार्यक्रम सञ्चालन भई लागु औषध नियन्त्रणमा योगदान पुगेको हुने । | |
| ३. | लागु औषधको नष्ट गर्ने: प्राकृतिक तथा अवैध खेतीका रुपमा रहेको गाँजा, अफिम, धतुरो लगायतका लागु औषधको नष्ट गर्ने । | जिल्ला प्रहरी कार्यालय | स्थानीय तह, गैर सरकारी संस्था तथा नागरिक | श्रावण तथा भाद्र महिना भित्र | जिल्लाभित्र लागु औषधको उत्पादन तथा खेती भएको नहुने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | समाज | | | |
| ४. | **दवाव समूह गठन गर्ने:**<br>लागु औषधको अवैध खेती, उत्पादन, ओसार-पसार र वेचविखन जस्ता क्रियाकलापहरुको नियन्त्रणमा सघाउ पुऱ्याउन जिल्लास्तरीय, स्थानीय तहस्तरीय तथा वडास्तरीय दवाव समूह गठन गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, जल्ला प्रहरी कार्यालय, गैर सरकारी संस्था तथा नागरिक समाज | श्रावण तथा भाद्र महिना भित्र | स्थानीयस्तरमा दवाव समूह गठन भई क्रियाशिल भएको हुने । | |
| ५. | पुनर्स्थापना केन्द्रको स्थापना गर्न पहल गर्ने । | स्थानीय तह | गैर सरकारी संस्था, नागरिक समाज | यथासीघ्र | पुनर्स्थापना केन्द्रको स्थापना भई सञ्चालन भएको हुने । | |
| ६. | **कानुनी कारवाही गर्ने:**<br>१. लागु औषधको अवैध खेती, उत्पादन, ओसार-पसार र वेचविखन जस्ता क्रियाकलापमा संलग्नलाई प्रचलित कानुन बमोजिम पक्राउ गर्ने ।<br>२. लागु औषधको अवैध खेती, उत्पादन, ओसार-पसार र वेचविखन जस्ता क्रियाकलापमा संलग्नलाई मुद्दा चलाउन सम्बन्धित निकायसंग समन्वय गर्ने । | जिल्ला प्रहरी कार्यालय | जिल्ला सरकारी वकील कार्यालय, अन्य सुरक्षा निकाय तथा नागरिक समाज | निरन्तर | लागु औषधको अवैध खेती, उत्पादन, ओसार-पसार र वेचविखन जस्ता क्रियाकलापमा संलग्न व्यक्तिलाई कानुनी कारवाही भएको हुने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. | **अनुगमन तथा निरीक्षण गर्ने:**<br>१. विशेष टोली परिचालन गरी operation गर्ने ।<br>२. शंकास्पद मेडिकल तथा औषधी पसलको आकस्मिक निरीक्षण गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, सुरक्षा निकाय, गैर सरकारी संस्था | निरन्तर | निरन्तर अनुगमन तथा मूल्यांकन भएको हुने । | |

**अपेक्षित उपलब्धी:**

लागु पदार्थको अवैध ओसार-पसार, कारोवार एवं आपूर्तिमा कडाईका साथ नियन्त्रण भई जुम्ला जिल्लालाई लागु औषधमुक्त र अपराध न्यूनीकरण उन्मुख हुनेछ । यसका लागि सरकारी तथा गैर सरकारी क्षेत्र, स्थानीय तह, निजी क्षेत्र, नागरिक समाज तथा अनुसन्धानमूलक संस्थाहरुको आपसी सम्बन्ध, समन्वय र सहकार्यमा वृद्दि भई श्रृजनशील युवा र संस्कारयुक्त समाजको निर्माण हुनेछ ।